# तुलसीपुर उपमहानगरपालिका
## सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी
## निर्देशिका, २०७८

तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय,
तुलसीपुर दाङ

# सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका, २०७८

कार्यपालिकाबाट स्वीकृत मिति २०७८/०७/१०

<u>प्रतावना</u>: नेपालको संविधान २०७२ को दफा ५० को उपदफा ३ ले आर्थिक विकासको मूख्य तीन क्षेत्रमध्ये एक क्षेत्र सहकारीलाई तोकिए बमोजिम साथै नेपालको संविधानको प्रस्तावनामा समाजवाद उन्मूख आर्थिक विकास गर्ने व्यवस्थालाई सहयोग पुऱ्याउन सहकारी र स्थानीय तहका बिचमा शिक्षा सेवा क्षेत्रमा सहकार्य गर्ने ध्येयले स्थानीय समुदायले लगानी, व्यवस्थापन र नेतृत्व गर्ने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ज(२) ले दिएको अधिकार प्रयोग गर्दै तुलसीपुर शिक्षा ऐन, २०७५को दफा ६० को ब अनुसार तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाले यो **सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका, २०७८** जारी गरी लागू गरेको छ।

## परिच्छेद १
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) **यो निर्देशिकाको नामः** "सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका, २०७८" रहेकोछ।

(ख) यो निर्देशिका तुलसीपुर उपमहानगरपालिका क्षेत्रभर लागू हुनेछ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामाः

(क) **"निर्देशिका"** भन्नाले सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका,२०७८ लाई सम्झनु पर्दछ।

(ख) **"कार्यपालिका"** भन्नाले तुलसीपुर उपमहानगरपालिका कार्यपालिकालाई सम्झनु पर्दछ।

(ग) **"सहकारी विद्यालय"** भन्नाले सहकारी मुल्य सिद्धान्तमा आधारित भई कम्तीमा २००(दुई सय) शेयर सदस्य भएको, कुल शेयर पुँजीमा १ (एक) जना शेयर सदस्यको औषत बढिमा १० (दश) प्रति हिस्सा कायम भएको एवं बचत तथा ऋण कारोबार नगर्ने र शेयर पुँजी तथा जगेडा कोषको लगानी हुने मुल आधारमा प्रचलित कानुन बमोजिम स्वीकृत विनियमको उद्देश्य वा कार्यहरुमा शिक्षालय वा विद्यालय संचालन अनुमति प्राप्त विषयगत वा बहुउद्देश्यीय सहकारी संस्थाद्वारा संचालित विद्यालय सम्झनु पर्दछ।

(घ) **"उपमहानगरपालिका"** भन्नाले नेपालको संविधान बमोजिम गठन भएको तुलसीपुर उपमहानगरपालिकालाईसम्झनु पर्दछ।

(ङ) **"सहकारी संस्था"** भन्नाले सहकारी विद्यालय सञ्चालन अनुमति पाएका विषयगत शिक्षा सहकारी संस्था वा बहुउद्देश्यीय सहकारी संस्थालाई सम्झनु पर्दछ ।

(च) **"शिक्षा ऐन"** भन्नाले तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ लाई सम्झनु पर्दछ ।

(छ) **"शिक्षा महाशाखा"** भन्नाले तुलसीपुर उपमहानगरपालिका अन्तरगतको शिक्षा महाशाखालाई सम्झनु पर्दछ ।

(छ) **"शिक्षा समिति"** भन्नाले तुलसीपुर उपमहानगरपालिकाको शिक्षा ऐन, २०७५ अनुसार गठित शिक्षासमितिलाई सम्झनु पर्दछ ।

## परिच्छेद २

## सहकारी विद्यालय सञ्चालन अनुमति सम्बन्धि व्यवस्था

**३.निवेदन दिनु पर्नेः** तुलसीपुर उपमहानगरपालिका सहकारी ऐन, २०७४ अनुसार तुलसीपुर उपमहानगरपालिकामा दर्ता भएका वा सहकारी ऐन २०४८ अनुसार डिभिजन सहकारी कार्यालय वा सहकारी विभागमा दर्ता भएका विषयगत शिक्षा सहकारी संस्था वा विनियमको उद्देश्य वा कार्यहरुमा शिक्षा सम्बन्धि कार्य गर्न पाउने व्यवस्था भएका बहुउद्देश्यीय सहकारी संस्था वा बिशिष्टिकृत सहकारी संघले सहकारी विद्यालय सञ्चालन अनुमतिका लागि अनुसूचि १ बमोजिमको ढाँचामा नगरकार्यपालिका शिक्षा महाशाखा समक्ष शैक्षिक सत्र शुरु हुनु भन्दा ४ महिना अगाडि निम्न कागजातहरु संलग्न गरी निवेदन दिनु पर्नेछ ।

(१) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(२) संस्थाको विनियमको प्रतिलिपि,
(३) कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(४) साधारण सभाको निणर्य प्रतिलिपि,
(५) सञ्चालक समितिको निणर्य प्रतिलिपि,
(६) विद्यालय सञ्चालन सम्बन्धी कार्ययोजना,
(७) शिक्षा ऐन, २०७५मा उल्लेख अन्य कागजातहरु,
(८) जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि घरभाडा कबुलियतनामा,
(९) सम्बन्धित वडा कार्यालयको सिफारिश

**४. विद्यालय सञ्चालन अनुमति दिन सक्ने :** (क) नियम ३ बमोजिम सहकारी बिद्यालय सञ्चालनका लागि आवश्यक कागजात सहित दिएको निवेदन उपर शिक्षा महाशाखाले आवश्यक जाँचबुझ र स्थलगत निरिक्षण गरी अनुमति दिन उचित ठहरिएमा आफ्नो राय सहित शिक्षा समितिमा पेश गर्नेछ र उक्त विषयको प्रतिवेदनलाई कार्यपालिकामा आवश्यक निर्णयका लागि सिफारिश गर्नेछ ।

(ख) शिक्षा समितिको सिफरिशलाई अध्ययन गरी कक्षा थप वा नयाँ विद्यालय सञ्चालन अनुमति दिने नदिने निर्णय कार्यपालिकाले गर्नेछ उपयुक्त ठानेमा शिक्षा समितिले विद्यालय संचालनको अनुमितको निर्णय गर्नेछ । । अनुमति प्राप्त विद्यालयलाई शिक्षा महाशाखा प्रमुखले अनुमति प्रदान गर्नेछ ।

(ग) यसरी गैरनाफामुलक विशेष सेवा सुविधायुक्त संस्थागत विद्यालय, गैर नाफामुलक तथा सहकारीमा आधारित विद्यालयलाई अनुमति दिँदा पहिलो वर्ष कक्षा(०-५) प्राथमिक, दोश्रो वर्ष (६-८), त्यसपछि प्रत्येक वर्ष एक कक्षा माग अनुसार थप गर्ने गरी अनुमति दिन सकिनेछ ।

**५. कम्पनी ऐन अर्न्तगत सञ्चालित विद्यालयलाई सहकारी अन्तर्गत सञ्चालन गर्ने सम्बन्धी व्यवस्था:**

(१) कम्पनी ऐन अन्तर्गत सञ्चालन भइरहेको विद्यालय सहकारी अन्तर्गत सञ्चालन गर्न चाहनेले सो का अनुमतिका लागि अनुसूचि ४ बमाजिमको ढाँचामा शिक्षा शाखा समक्ष निम्न कागजात संलग्न गरी निवेदन दिनु पर्नेछ ।

**(क) सहकारी संस्थाले पेश गर्नु पर्ने कागजातहरु:**

(१) संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(२) संस्थाको विनियमको प्रतिलिपि,

(३) कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(४) साधारण सभाको निर्णय प्रतिलिपि,

(५) सञ्चालक समितिको निर्णय प्रतिलिपि,

(६) विद्यालय सञ्चालन सम्बन्धि प्रस्ताव,

**(ख) कम्पनीका तर्फबाट पेश गर्नु पर्ने कागजातहरु::**

(१) कम्पनीका सञ्चालकहरुको दुई तिहाई बहुमतले सहकारी संस्थालाई चल अचल सम्पत्तिको स्वामित्व हस्तान्तण वा बिक्री र कम्पनी खारेजी वा विघटन गर्ने सम्बन्धी साधारण सभाको निर्णयको प्रतिलिपि,

(२) कम्पनी सञ्चालक समितिको साधारण सभाको निणर्य कार्यान्वयन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि,

(३) विद्यालय सञ्चालन अनुमति पत्रको प्रतिलिपि,

(४) कम्पनी तथा कर दर्ता प्रमाण पत्रको प्रतिलिपि,

(५) कर चुक्ता प्रमाणपत्र प्रतिलिपि

६. नियम ५(१) बमोजिम निवेदन प्राप्त भएमा शिक्षा महाशाखा प्रमुखले निवेदक संस्था र विद्यालयको जाँचबुझ गरी सो को प्रतिवेदन आफ्नो राय सहित शिक्षा समिति समक्ष सिफारिस गर्नु पर्नेछ । र उक्त विषय कार्यपालिकामा सिफारिश गर्नु पर्नेछ ।

७ नियम ६ बमोजिम सहकारी अन्तर्गत विद्यालय सञ्चालनका लागि शिक्षा समितिले निर्णय गरेमा अनुसूचि ५ बमोजिमको ढाँचामा शिक्षा महाशाखा प्रमुखले कम्पनी ऐन अन्तर्गत सञ्चालन भएको विद्यालयलाई सहकारी अन्तर्गत विद्यालय सञ्चालन अनुमति प्रदान गर्नेछन् ।

## परिच्छेद ३

## सहकारी विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देज

८.सहकारी विद्यालयले पालना गर्नु पर्ने सर्त तथा बन्देजहरु देहाय बमोजिम हुनेछन्:

(क) नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) शिक्षा समितिको स्वीकृती लिएर मात्र थप पाठ्यपुस्तक र पाठ्यसामग्री प्रयोग गर्नु पर्ने,

(ग) राष्ट्रियता र सार्वभौमिक अखण्डता प्रति आँच आउने पाठ्यसामग्री भएको पाठ्यपुस्तक अध्यापन गर्न, गराउन नहुने ।

(घ) विद्यालयमा वालमैत्री, अपाङ्गतामैत्री, लैङ्गिकमैत्री बातावरण बनाउनु पर्ने,

(ङ) सहकारीको पहिलो खुल्ला तथा ऐच्छिक सदस्यताको सिद्धान्त अनुसार सबै अभिभावकलाई संस्थाको सदस्य बन्न खुल्ला गर्नु पर्ने ।

(च) सहकारी ऐनले तोकेको समय भित्र वार्षिक साधारण सभा वोलाउने, साधारण सभाबाटै कार्यविधि, कार्ययोजना, बजेट, शुल्क निर्धारण, सेवासुविधा, सञ्चालक समितिको निर्वाचन लगायतका निर्णय गर्ने । गत बर्षको शैक्षिक, तथा आर्थिक उपलब्धी, सांगठनिक उपलब्धी र हिसाव किताबको समिक्षा र स्वीकृति गर्ने व्यबस्था मिलाउनु पर्ने ।

(छ) सदस्य तथा नियमक निकायले मागेको वेला जुनसुकै समयमा पनि उपलब्ध गर्न सक्ने गरी विद्यालयमा सबै प्रकारका अभिलेखहरु पारदर्शी रुपमा राख्नु पर्नेछ ।

(ज) विद्यालयमा राष्ट्रिय एकता, सार्वभौमिकता, जातिय, क्षेत्रिय, भाषिक, लैंगिक, धार्मिक सहिष्णुता खलल पार्ने खालका कुनै क्रियाकलाप गर्न नहुने ।

(झ) विद्यालयले सहकारी शिक्षाको बिषयलाई समेत समावेश गरी अतिरिक्त क्रियाकलाप सम्बन्धी अतिरिक्त पाठ्यक्रम बनाई स्वीकृत गराई लागू गर्नु पर्ने ।

(ञ) विद्यालयमा नैतिक शिक्षाको पाठ्यसामग्री समावेश गरी नैतिक चरित्र निर्माण, उद्यमशीलता विकास, सामाजिक सद्भाव प्रर्वद्धन, सामाजिक बिकृति (वालविबाह, छाउपडी, दाईजो प्रथा, बोक्साबोक्सी, छुवाछुत, वर्गिय विभेद, छोरी माथिको विभेद आदि) उन्मूलनको वातावरण बनाउन पाठ्यक्रम बनाई स्वीकृती गराई लागू गर्नु पर्ने ।

(ट) संस्थाको सदस्य बन्न नचाहने समुदायका वालवालिकाहरुलाई विद्यालयमा बन्चित गर्न नपाईने ।

(ठ) तुलसीपुर उपमहानगरपालिका नगरसभाले पारित गरेका कानून तथा शैक्षिक नीतिको अधिनमा रही काम गर्नु पर्ने ।

(ड) निम्न आय भएका वा विपन्न समुदायका वालवालिकाका लागि गुणस्तरीय शिक्षाको पहुँच अभिबृद्धिका लागि बिशेष छुट तथा सहुलियतमा अध्यापन गराउनु पर्ने ।

(ढ) विद्यालयले रोजगारी सृजना तथा उत्पादन बृद्धिलाई प्रोत्साहन गर्ने खालका प्राविधिक विषयमा अध्यापन गराउन जोड दिनु पर्ने ।

## परिच्छेद ४
## आर्थिक व्यवस्थापन सम्बन्धी व्यवस्था

सहकारी विद्यालय सञ्चालक सहकारी संस्थाले देहाय बमोजिम वित्तिय व्यवस्थापन गर्नुपर्नेछः

**९. कोषको व्यवस्थाः**

(१) सहकारी विद्यालय संचालक संस्थाको एउटा छुट्टै कोषको व्यवस्था गरिनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन्:

(क) शेयर, कोष लगायत संस्थाले आर्जन गरेका सबै किसिमका आम्दानी,

(ख) नेपाल सरकारबाट वा गैरसरकारी संघ संस्थाबाट प्राप्त अनुदान रकम,

(ग) अनुदान सहयोग, दान दानतब्य र अन्य सहयोगबाट प्राप्त रकम,

(घ) शिक्षण शुल्कहरुका साथै अन्य बैंक तथा वित्तिय संस्थाबाट प्राप्त हुने ऋण रकम ।

(२) उपदफा (१) बमोजिमको कोषको रकम विनियममा व्यबस्था भए बमोजिमको कार्यमा खर्च गरिनेछ ।

(३) संस्थाले बिदेश सरकार तथा अन्तराष्ट्रिय गैरसरकारी संघ संस्थाबाट ऋण वा अनुदान रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनुपर्नेछ

(४) उपदफा (१) बमोजिम संस्थालाई प्राप्तहुने सबै रकम समितिले निर्णय गरेको कुनै पनि बैङ्कमा संस्थाको नाममा आवश्यक खाता (चल्ती, वचत, मुद्दती) खोली जम्मा गरिनेछ ।

(५) उपदफा (१) बमोजिमको कोषको रकम जम्मा गर्न बैंक खाताको संचालन व्यवस्थापक भएको हकमा अध्यक्ष, कोषाध्यक्ष र व्यवस्थापकको संयुक्त दस्तखतबाट हुनेछ । व्यवस्थापक नभएको खण्डमा संस्थाको अध्यक्ष र कोषाध्यक्षको सयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

**१०.जगेडा कोषः**

जगेडा कोष देहायका सबैलाई मिलाएर बन्नेछ :

(क) प्रत्येक आर्थिक बर्ष श्रावण देखि आषाढ मसान्तसम्म कोषले गरेको कारोवारको हिसाव जांच भएपछि खुद वचत (मुनाफा) को कम्तीमा २५ प्रतिशत छुट्टाईएको रकम,

(ख) सदस्यता प्रवेश शुल्क,

(ग) वाँकी वचत मध्येबाट अन्य कुनै प्रकारको यस कोषमा जाने रकम ।

(घ) कुनै पनि निकायबाट प्राप्त हुने पूँजीगत अनुदान र संस्थाको स्थिर सम्पत्ति घर, जग्गा विक्रीवाट प्राप्त रकम ।

**११. खुद मुनाफाको वाँडफाँडः**

(१) खुद मुनाफाको २५ प्रतिशत जगेडा कोषमा छुट्टाई वांकी रहन आएको रकमलाई १०० प्रतिशत मानी संस्थाको विनियममा व्यवस्था भए बमोजिमका कोषहरुमा छुट्टाउनु पर्नेछ ।

(२) शेयर लाभांश कोषबाट वितरण गर्दा शेयर पूंजीको १८ प्रतिशत भन्दा वढी नहुने गरी वितरण गर्नुपर्नेछ ।

(३) संस्थाले बार्षिक बचतको कम्तिमा २५ प्रतिशत रकम संरक्षित पूँजी फिर्ताकोषमा छुट्टाउनु पर्नेछ । उक्त कोषमा छुट्टाईएको रकम सदस्य अभिभावकले विद्यालयमा बुझाएको शुल्कको आधारमा वितरण गरिने छ ।

घनश्याम पाण्डे
प्रमुख

(४) संस्थाले वार्षिक बचतको ०.५ प्रतिशत सहकारी प्रबर्द्धनकोषमा जम्मा गर्नु पर्नेछ । सो रकम सहकारी  विभागले तोकेको सरकारी खातामा जम्मा गर्नु पर्नेछ । उक्त रकमको व्यवस्थापन संघिय कानून अनुसार हुनेछ ।

१२. **कोषको सुरक्षाः** व्यवस्थापकको जिम्मामा समितिले तोकेको नगद ढुकुटी रहनेछ । त्यस भन्दा बढी रकम जम्मा हुन आएमा संस्थाको नाममा समितिले तोकेको वैंकमा खाता खोली जम्मा गर्नुपर्नेछ । कोषको खाता समितिले तोकेको संचालक र व्यवस्थापकको संयुक्त दस्तखतबाट संचालन हुनेछ । कोषको सुरक्षा एवं सदस्यहरुमा आत्मविश्वास विकास गर्नकालागि संस्थाले ख्यातिप्राप्त वीमा कम्पनीमा आवश्यकता अनुसार सदस्यहरुको शेयर, भौतिक संरचना लगायतको सुरक्षणका लागि वीमाको व्यवस्था गर्न सक्नेछ ।

१३. **कोषको उपयोगः** जगेडा कोषमा कुनै प्रकारबाट आर्जित आम्दानी सोहि कोषमा जम्मा हुनेछ । यो कोष अभिभाज्य हुनेछ । आर्थिक बर्षको अन्त्यमा लेखापरीक्षण भई देखिएको खुद मुनाफा सहकारी संस्थाको विनियममा व्यवस्था भएको कोषहरुमा सारिनेछ साथै यस कोषको उपयोग विनियममा उल्लेखभए अनुसार संस्थाको स्वीकृत योजना अनुसारको कार्यक्रम वा व्यवसाय संचालन गर्न, संस्थाको लागि चाहिने आवश्यक स्थीर सम्पत्ति खरिद गर्न, मुद्दती खातामा जम्मा गर्न सकिने छ ।

१४. **खाता हेर्न पाउने** : संस्थाको खाताहरु सदस्यले हेर्न चाहेमा जुनसुकै वखत पनि उपलब्ध गराउनु पर्नेछ

## परिच्छेद ५

## छुट, सुविधा, सहुलियत तथा अनुदान सम्बन्धी व्यवस्था

१५. **छुट, सुविधा र सहुलियतः** (१) सहकारी संस्थालाई देहाय बमोजिमको छुट, सुविधा र सहुलियत प्राप्त हुनेछ :

(क) सहकारी संस्थाले अचल सम्पत्ति वाहेक कारोवार सम्बन्धी कुनै लिखत रजिष्ट्रेशन गर्नु गराउनु पर्ने छैन ।

(ख) विद्यालयको लागि आबश्यक पर्ने जमिन लगायतका अचल सम्पत्ति खरिद गर्दा आय टिकट दस्तुर वा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(घ) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि सहकारी संस्थाले जगेडा कोषमा छुट्याएको रकम, संरक्षित पूँजी फिर्ता कोषमा छुट्याएको रकम र सहकारी प्रवर्द्धन कोषमा जम्मा गरेको रकममा आय कर लाग्न छैन ।

(ङ) तुलसीपुर उपमहानगरपालिकाले सहकारी संस्था द्धारा सञ्चालित सहकारी विद्यालयको आफ्नो प्रयोगका लागि आयात गरिने यातायातका साधनहरुमा लाग्ने भन्सार महशुल वा मूल्य अभिवृद्धि कर वापतको रकममा अनुदान दिन सक्नेछ ।

(ज) तुलसीपुर उपमहानगरपालिकाले सहकारी विद्यालयलाइ विउ पुँजी अनुदान, सहुलियतपूर्ण ऋण, प्रचलित कानून बमोजिम लाग्ने करमा छुट, पर्ति ऐलानी जग्गामा भोगाधिकार लगायतको बिशेष सुविधा तथा प्राविधिक टेवा प्रदान गर्न सक्नेछ ।

(झ) सहकारी विद्यालयमा अध्ययन गरेका बिद्यार्थीले सहकारी विद्यालयमा अध्ययन गर्दा प्राप्त गर्ने छुट, सुविधा, छात्रबृती प्राप्त गर्नेछन् ।

(ञ) तुलसीपुर उपमहानगरपालिकाले खर्च व्यहोर्ने गरी सहकारी विद्यालयका लागि केही शिक्षक दरबन्दीको व्यवस्था गर्न सक्नेछ । तर त्यसरी नियुक्त भएका शिक्षकले सहकारी संस्थाको नीति, नियम, विनियम, निर्देशिका र कार्यविधि अनुसार काम गर्नु पर्नेछ ।

(ट) यस दफामा उल्लेखित छुट, सुविधा र सहुलियत बाहेक संस्थालाई प्राप्त हुने अन्य छुट, सुविधा र सहुलियत संघीय कानूनमा तोकिए बमोजिम हुनेछ ।

(ठ) नेपाल सरकारका विभिन्न निकायबाट सामुदायीक विद्यालयका लागि प्राप्त हुने छुट, सुविधा, सम्बन्धन, सहकारी विद्यालयलाई पनि प्राप्त हुनेछ । जसका लागि तुलसीपुर उपमहानगरपालिकाले विशेष पहल गर्नेछ ।

## परिच्छेद ६
## विविध

१६. **धरौटी राख्नु पर्नेः** सहकारी विद्यालय सञ्चालन गर्ने अनुमति लिँदा विद्यालय सञ्चालनको सुरक्षण वापत माध्यमिक विद्यालयको लागि तिन लाख रुपैयाँ, आधारभूत विद्यालयको लागि दुई लाख रुपैयाँ र प्राथमिक विद्यालयको लागि एक लाख रुपैयाँ धरौटीको रुपमा राख्नु पर्नेछ । उक्त रकम तुलसीपुर उपमहानगरपालिकाको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

१७. **एकिकरण गर्न सकिनेः** नेपाल सरकारद्धारा सञ्चालित सार्वजनिक विद्यालय वा संस्थागत विद्यालय र सहकारी विद्यालयका बीचमा एकिकरण गर्न सकिनेछ । एकिकरण सम्बन्धमा कार्यपालिकाले निणर्य गरी तोके बमोजिम हुनेछ ।

१८. **सहकारी विद्यालय सामुदायिक विद्यालय हुनेः** सहकारी विद्यालय समुदायबाट आर्थिक लगानी भएका, समुदायबाट व्यवस्थापन गरिएका, समुदायबाट निर्वाचित व्यक्तिले नेतृत्व गरेका र समुदायका लागि समुदायले निणर्य गरी तोकेको शुल्कमा सञ्चालित गुणस्तरीय, व्यवहारिक र क्रियात्मक शिक्षा दिने सामुदायिक विद्यालय हुनेछन् ।

१९. **विवरण पेश गर्नेः** सहकारी विद्यालयले चौमासिक रुपमा तोकिएको ढाँचामा प्रगति विवरण तुलसीपुर उपमहानगरपालिका शिक्षा शाखामा पेश गर्नु पर्नेछ । अन्य विवरण शिक्षा शाखाले तोके बमोजिम पेश गर्नु पर्नेछ ।

२०. **विद्यालय व्यवस्थापन समिति गठन :** सहकारी विद्यालय व्यवस्थापन समितीको गठन सम्बन्धि व्यवस्था शिक्षा ऐन अनुसार हुनु पर्नेछ ।

२१. **लेखापरिक्षण तथा सामाजिक परिक्षण :** सहकारी विद्यालयको लेखापरिक्षण र सामाजिक परिक्षण सम्बन्धि व्यवस्था ऐन, नियमले तोके बमोजिम हुनेछ ।

२२. **अनुगमन गर्नेः** सहकारी विद्यालय सहकारी मूल्य,मान्यता र सिद्धान्त बमोजिम सञ्चालन भए नभएको तुलसीपुर उपमहानगरपालिका सहकारी विभागबाट र शिक्षा सम्बन्धी नीति, निर्देशिका र कार्यविधि अनुसार सञ्चालन भए नभएको शिक्षा शाखाबाट अनुगमन गरिनेछ ।

२३. यस निर्देशिकामा व्यवस्था भए वाहेकाका अन्य कुरा सहकारी संस्थाको विनियम, सहकारी ऐन, नियमावली, निर्देशिका तथा कार्यविधिमा व्यवस्था भए बमोजिम हुनेछ ।

प्रमाणिकरण

दस्तखत : ..................
नाम : घनश्याम पाण्डे
पद : प्रमुख
मिति : २०७८/०७/११
पृष्ठ संख्या :- १३ (तेह्र)

## अनुसूचि नं. १
## (परिच्छेद २ को नियम ३ संग सम्बन्धित)
## सहकारी विद्यालय सञ्चालन अनुमतिका लागि दिईने निवेदन

श्रीमान शिक्षा शाखा प्रमुख ज्यू,
तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर दाङ

विषय : सहकारी विद्यालय सञ्चालन अनुमति पाउँ ।

महोदय,

उपरोक्त सम्बन्धमा शैक्षिक शत्र.......................देखि ..................तहको सहकारी विद्यालय सञ्चालन अनुमतिका लागि सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ को नियम ३ मा तोकिएका कागजात संलग्न गर्नुका साथै देहायका विवरण खुलाई यो निवेदन पेश गरेकाछौं ।

**(क) प्रस्तावित विद्यालयको सञ्चालक संस्थाको::**

१. सहकारी विद्यालय सञ्चालक संस्थाको नाम:

२. ठेगाना: ३. दर्ता नं.

४. दर्ता मिति: ५. दर्ता गर्ने कार्यालय:

**(ख) प्रस्तावित विद्यालयको ::**

१. नाम:

२. ठेगाना: तुलसीपुर उपमहानगरपालिका वडा नं...................गाउटोल...................

३. फोन नं. ..............................फ्याक्स..........................इमेल.............................

४. अनुमति लिन चाहेको तह र सञ्चालन गर्ने कक्षाहरु:

५. भविश्यमा सञ्चालन गर्न चाहेको तह र कक्षाहरु:

**(ग) प्रस्तावित विद्यालयको लागि पुरा गरिएको भौतिक पूर्वाधार:**

१. भवनको:

क. संख्या: ख. कच्ची वा पक्की वा अर्धपक्की ग. आफ्नै वा वहालमा वा सार्वजनिक

२. कोठाको विवरण:

क. कोठाको संख्या.........लम्बाई..........चौडाई.........उचाई...........

ख) झ्याल ढोका

ग) पानी बत्तिको अबस्था:

३. फर्निचारको विवरण:

डेस्क.......वेन्च.........टेवुल.........दराज.........मेच............अन्य.........

४. खेलकुद मैदानको अबस्थाः जग्गााः

५.शौचालयः छात्रका शौचालय संख्याः...............छात्रा शौचालय संख्या............

६ खानेपानीको अबस्थाः

७. पुस्तकालयको अबस्थाः

८. प्रयोगशालाः

९. सवारी साधनको विवरणः

१०. शैक्षिक सामग्रिको विवरणः

**(घ) विद्यार्थी संख्या(प्रस्तावित):**

१. कक्षाः

२. जम्मा संख्याः

**(ङ) शिक्षक संख्या (प्रस्तावित):**

**(च) आर्थिक विवरणः(प्रस्तावित)**

१. शेयर पूँजीः...........

२. स्थिर सम्पत्तिः............

३. चालु सम्पत्तिः..............

४. वार्षिक आयः..............

५. आयको श्रोतः ...............

माथि उल्लेखित विवरणहरु ठिक साँचो छ, झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक,

.........................

दस्तखत

नामः

पदः

मितिः

संस्थाको छाप

घनश्याम पाण्डे
प्रमुख

घनश्याम पाण्डे
प्रमुख

## अनुसूचि नं. २
## (परिच्छेद २ को नियम ४ संग सम्बन्धित)
## विद्यालय सञ्चालनका लागि चाहिने पुर्वाधारहरु

१. कक्षा कोठा घाम तथा पानीबाट बचाउ हुने, विद्युत र पंखा सुविधा भएको, कोठामा हावाको प्रवाह र प्रकाश आउने भएको समान्यतयाः नौं फिट उचाईको हुनु पर्ने ।
२. कक्षगत क्षेत्रफल आधारभूत विद्यालयको हकमा प्रति विद्यार्थी १ वर्ग मिटर तथा माध्यमिक तहको विद्यालयको हकमा १.२० वर्ग मिटर भन्दा कम हुन नहुने ।
३. कक्षा कोठामा विद्यार्थी संख्याको आधारमा फर्निचरको व्यवस्था हुनु पर्ने ।
४. स्वस्थकर खानेपानी प्रयाप्त मात्रामा हुनु पर्ने ।
५ प्रारम्भिक शिशु कक्षा वाहेक अन्य कक्षाका छात्र छात्राका लागि अलग अलग शौचालय हुनु पर्ने ।
६. पाठ्यक्रम, पाठ्यसामग्री सहितको पुस्तकालय हुनु पर्ने ।
७. शिक्षण क्रियाकलापका लागि न्यूनतम आबश्यकताका शैक्षिक सामाग्री जस्तै(सेतोपार्टी, मर्कर, नकसा, ग्लोव, गणितीय सामाग्री आदि हुनु पर्ने ।
८. सम्पूर्ण विद्यार्थी एकसाथ उभिन सक्ने मैदान हुनुपर्ने ।
९. प्रारम्भिक शिशु कक्षामा घर बाहिरका क्रियाकपाल संचालन गर्न पुग्ने र अन्य कक्षाका लागि भलिवल खेल्न मिल्ने सम्मको खेल मैदान र खेल सामग्रीको व्यवस्था हुनु पर्ने ।
१०. पाठ्यक्रम अनुसारको विज्ञान सामग्रीको व्यवस्थाहुनु पर्ने ।
११. प्रति एक कक्षा कोठामा कक्षा ३ सम्म बढीमा ३५ जना, कक्षा ३ देखि ८ सम्म बढिमा ४० जना र माध्यमिक तहमा बढिमा ४४ जना भन्दा बढी विद्यार्थी राख्न हुने छैन ।
१२. विषयगत शिक्षकको व्यवस्था हुनु पर्ने ।
१३. विद्यालयको स्थाई आयश्रोत, प्राथमिक उपचार सामग्रीको व्यवस्था, आबासीय विद्यालयको हकमा आवास भवन र विद्यालय हातालाई पर्खाल वा बारले घेरीएको हुनुपर्नेछ ।
१४. भाडाको भवन वा जग्गा भएमा कम्तीमा पाँच बर्षको घरभाडा सम्झौता भएको हुनु पर्ने ।
१५. विद्यालय वालमैत्री, अपांगतामैत्री तथा बातावरणमैत्री हुनु पर्ने ।

घनश्याम पाण्डे
प्रमुख

## अनुसूचि नं. ३
## (परिच्छेद २ को नियम ४(घ) संग सम्बन्धित)
## सहकारी विद्यालय सञ्चालन गर्न दिईने अनुमति

श्री.................................

...................................।

बिषयः सहकारी विद्यालय सञ्चालनको अनुमति दिएको सम्बन्धमा ।

सहकारी विद्यालय सञ्चालनको अनुमति पाउँ भन्ने व्यहोराको मिति....................मा प्राप्त निवेदन उपर कारबाही हुँदा सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका, २०७८ को नियम ४ बमोजिमको पूर्वाधार पूरा गरेको देखिएकोले शैक्षिक शत्र......................देखि आधारभुत⁄माध्यमिक तहको ...... कक्षा देखि.........कक्षा सम्मको विद्यालय सञ्चालनको लागि यो अनुमति दिइएकोछ ।

कार्यालयको छाप

अनुमति प्रदान गर्ने अधिकारीकोः

सहिः

नामः पदः मितिः

घनश्याम पाण्डे
प्रमुख

अनुसूचि नं. ४

(परिच्छेद २ को नियम ५(१) संग सम्बन्धित)

**कम्पनी अन्तर्गत सञ्चालित विद्यालयलाई सहकारी अन्तर्गत सञ्चालनका लागि दिइने निवेदन**

श्रीमान शिक्षा शाखा प्रमुख ज्यू,
तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय
तुलसीपुर दाङ

विषय : सहकारी अन्तर्गत विद्यालय सञ्चालन अनुमति पाउँ ।

महोदय,

मैले/हामीले निम्न विवरणमा उल्लेखित विद्यालय कम्पनी अन्तर्गत सञ्चालन गर्दै आएकोमा मिति...................को कम्पनी सञ्चालकको साधारण सभाको निर्णय र मिति..................को कम्पनी सञ्चालक समितिको निर्णय बमोजिम तुलसीपुर उपमहानगरपालिका वडा नं..........मा रहेको.........................सहकारी संस्था लि.लाई सम्पूर्ण स्वामित्व हस्तान्तरण वा बिक्री गर्न मन्जुर भएकोले सहकारी अन्तर्गत विद्यालय सञ्चालनको अनुमति दिनुहुन अनुरोध छ ।

**(क) कम्पनी अन्तर्गत सञ्चालित विद्यालयको::**

१. नामः

२. ठेगानाः ३. दर्ता नं.

४. दर्ता मितिः ५. दर्ता गर्ने कार्यालयः

**निवेदक,**

........................

**दस्तखत**

कम्पनीको छाप

**नामः**

**पदः**

**मितिः**

उपरोक्त कम्पनी ऐन अन्तर्गत सञ्चालन भइरहेको तुलसीपुर उपमहानगरपालिका वडा नं.........मा रहेको कक्षा ...........देखि कक्षा.........सम्म सञ्चालित....................................विद्यालय यस..............................सहकारी संस्था लि. अन्तर्गत सञ्चालन गर्न मिति..........................को साधारण सभा र मिति.....................को सञ्चालक समितिको निर्णय बमोजिम संलग्न कागजात सहित सहकारी विद्यालय सञ्चालन अनुमतिका लागि अनुरोधछ ।

**(क) सहकारी संस्थाको तर्फबाटः ::**

१. सहकारी संस्थाको नामः

२. ठेगानाः तुलसीपुर उपमहानगरपालिका वडा नं...................गाउटोल....................

३. फोन नं. ..............................फ्याक्स..........................इमेल.............................

निवेदक,

नामः पदः दस्तखतः

मितिः सहकारी संस्थाको छाप

## अनुसूचि नं. ५
### (परिच्छेद २ को नियम ४ संग सम्बन्धित)
### कम्पनी ऐन अन्तर्गत सञ्चालित विद्यालयलाई सहकारी अन्तर्गत सञ्चालन अनुमति

श्री ....................सहकारी संस्था लि.

...................................................

बिषयः विद्यालय सञ्चालन अनुमति दिइएको सम्बन्धमा ।

त्यस संस्थाले मिति......................मा कम्पनी अन्तर्गत सञ्चालित तुलसीपुर उपमहानगरपालिका वडा नं.........मा रहेको ..............................................विद्यालय सहकारी अन्तर्गत सञ्चालन गर्नका लागि अनुमति पाउँ भनि दिएको निवेदन उपर कारबाही हुँदा यस कार्यालयको मिति.......................को निर्णय र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन सम्बन्धी निर्देशिका,२०७८ को नियम ९ बमोजिम सहकारी विद्यालय सञ्चालन अनुमति प्रदान गरीएकोछ ।

स्वीकृति प्रदान गर्ने अधिकारीको
सहीः

नामःख

पदः

मितिः कार्यालयको छाप

प्रमाणिकरण

दस्तखत : ..............................
नाम : घनश्याम पाण्डे
पद : प्रमुख
मिति : २०७८/०७/११
पृष्ठ संख्या : १३ (तेह्र)